फोन.नं. ०९९-५४००१०
info@shuklaphantamun.gov.np
ito.shuklaphantamun@gmail.com

# शुक्लाफाँटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्रसंख्या:-२०७८/०७९
च. नं.:

मिति: २०७९/०३/१७

आवश्यक सहजिकरण गरिदिने बारे सूचना ।

उपरोक्त विषय सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले देशभरिका स्थानीय तहको वस्तुस्थिति विवरणमा एकरुपता कायम गर्दै अन्य सरकारी प्रणालीहरूसंग समेत अन्तर आवद्धता हुने गरी सूचना प्रविधिमा आधारीत एकीकृत स्थानीय तह बस्तुस्थिति विवरण (iLG Profile) तयारीका लागि स्थानीय तहहरूलाई आवश्यक प्रणाली, औजार र प्रविधिक सहयोग उपलब्ध गराईरहेको छ। यसै क्रममा यस नगरपालिकामा समेत वस्तुस्थिति विवरण तयारीका लागि आवश्यक तथ्याङ्क संकलन गर्न खटिएका स्वयंसेवी गणकहरू सवै नगरवासीहरूको घर दैलोमा आउदै छन। स्वयंसेवी गकणहरूले माग गरेको विवरण सत्य तथ्य रूपमा उपलब्ध गराई आवश्यक सहयोग गरिदिनहुन सबै नगरवासीमा अनुरोध गरिन्छ। साथै वस्तुस्थिति विवरण संकलनका क्रममा परिवारका सदस्यहरूको नागरिकता, मतदाता परिचयपत्र, शैक्षिक प्रमाणपत्र, स्थायी लेखा नं., जग्गाधनी प्रमाणपत्र, समाजिक सुरक्षाकोष परिचयपत्र तथा अपाङ्गता पारिचयपत्र माग भएमा परिवारमा उपलब्ध कागजातहरू गणकलाई उपलब्ध गराइदिनहुन समेत अनुरोध गरिन्छ। यसरी प्राप्त तथ्याङ्कलाई स्थानीय तह तथा अन्य सरकारी तहमा संचालित सूचना प्रणाली संग अन्तरआवद्ध गरी सेवा प्रवाह, तथा योजना तर्जुमा यसको प्रयोग हुने भएकाले तथ्याङ्कको शुद्धतालाई विशेष महत्व दिन हुन यस कार्यमा सरोकार राख्ने स्वयंसेवी गणक, जन प्रतिनिधिज्यूहरू, तथा सम्पुर्ण नगरवासीहरूलाई हार्दिक अनुरोध गरिन्छ।

२०७९/३/१८

प्रमुख प्रशासकीय अधिकृत